# मोदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०७४/०७५ देउपुर, पर्वत
चलानी नम्बर :- ४ नम्बर प्रदेश, नेपाल

**IT Officer भर्ना सम्बन्धी मोदी गाउँपालिकाको सूचना**

**(प्रकाशन मिति : २०७४/०९/२)**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), कार्यक्रम समन्वय एकाई, सिंहदरवार, काठमाण्डौंको प.सं. ०७४/०७५, च.नं. १२७, मिति २०७४/०७/१७ गतेको सूचना प्रविधि अधिकृतको करार सेवा सम्बन्धको पत्रानुसार यस गाउँपिलकाको लागि देहाय बमोजिमको शर्तहरुको अधिनमा रही सूचना प्रविधि अधिकृत (IT Officer) सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक उम्मेदवारले यस गाउँपालिका कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१. आवेदन दिने अन्तिम मिति :- २०७४/०९/१६ गते कार्यालय समयमा ।

२. शैक्षिक योग्यता :- लोक सेवा आयोगले लिने "कम्प्यूटर अधिकृत" पदको न्यूनतम योग्यता वा मान्यताप्राप्त शिक्षण संस्थाबाट Computer वा Information & Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIT, BEIT, BSc.it, BSc. CSIT) को उपाधि हासिल गरेको ।

३. सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण (TOR) : २०७४/०३/२८ गतेको स्वीकृत सचिव स्तरिय निर्णयमा उल्लेख भए बमोजिम ।

४. संलग्न गर्नुपर्ने कागजातहरु :- ब्यक्तिगत विवरण (Bio-Data), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु ।

५. आवेदन दिने तरिका : बुँदा नं. ४ मा उल्लेख भएका कागजातहरु एवं बुँदा नं. ६ मा तोकिएको शुल्क नेपाल बैंक लिमिटेड, कुश्मा शाखा पर्वत स्थित यस कार्यालयको नाममा रहेको आन्तरिक आय स्रोत खाता (०६६०३००००००००४००१०६०) मा जम्मा गरी जम्मा भौचर संलग्न राखि हुलाक, इमेल वा स्वयम् उपस्थित भई आवेदन दिने ।

६. आवेदन शुल्क :- रु. १०००।- (एक हजार रुपैयामात्र)

७. उम्मेदवार छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :-

| क्र.स. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता | ३० |
| २ | कार्य अनुभव (सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात्) | ४० |
| ३ | उम्मेदवारको स्थायी ठेगाना | २० |
| ४ | २ वर्ष भन्दामाथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunter वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको | १० |

८. तलब स्केल :- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले तोके बमोजिम

९. करार अवधि :- २०७५ असार मसान्त सम्म ।

१०. थप जानकारीको लागि सम्पर्क नं. र इमेल ठेगाना :- ०६७-४१०१६४, info@modimun.gov.np

११. सूचनामा उल्लेख भए वाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत